नेपाल सरकार
राष्ट्रिय योजना आयोग
पत्र संख्या:- ०८१।८२
चलानी संख्या:- २४८
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ औं बैठक मिति २०८१ कार्तिक ३० गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भएको छ।

राष्ट्रिय योजना आयोगका सदस्य-सचिव श्री मधुकुमार मरासिनीज्यूको स्वागत मन्तव्यबाट शुरू भएको उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीज्यूले समष्टिगत आर्थिक परिसूचक र प्रवृत्ति, सरकारको वित्त परिचालनको अवस्था, सङ्घीयता पछि (आर्थिक बर्ष २०७२/७३-२०८०/८१) को आर्थिक सामाजिक प्रगति स्थिति, प्रदेशहरुको समष्टिगत आर्थिक अवस्था, आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयगत वार्षिक प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति, दिगो विकास लक्ष्यको प्रगति तथा विकासशील मुलुकमा स्तरोन्नतिको समीक्षा सहित देशको समग्र आर्थिक, सामाजिक र पूर्वाधार विकासको अवस्था र समस्याहरू प्रस्तुत गर्नुभयो। प्रस्तुतीकरणका क्रममा माननीय उपाध्यक्षज्यूले समितिको ५०, ५१ र ५२ औं बैठकका निर्णय कार्यान्वयन अवस्था तथा १५ वटा क्षेत्रगत समस्या र कारणको बिश्लेषणसमेत गरी समाधानका विकल्पसमेत प्रस्तुत गर्नुभयो।

बैठकमा संविधानको मर्मअनुरुप शासकीय सुधारको आवश्यकता, विकास आयोजनाको कार्यान्वयनमा वित्तीय व्यवस्थापन, जग्गाप्राप्ति, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको लागि वनक्षेत्र प्रयोग सम्बन्धमा सम्वन्धित कानूनले पारेको समस्या, आवधिक योजना, आयोजना बैंक र मध्यमकालीन खर्च संरचनाबीचको अन्तरआवद्धता र प्रभावकारी कार्यान्वयन, समपुरक र बिशेष अनुदान बितरण प्रणालीमा सुधार, मन्त्रालयगत वा क्षेत्रगतरूपमा तर्जुमा गरिएका वा सञ्चालित योजना, रणनीति वा कार्यक्रम/परियोजनाहरूको कार्यान्वयन अवस्था, विपदबाट क्षति भएका तथा जोखिममा रहेका निजी आवास तथा भौतिक पूर्वाधारहरुको पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यमा आवश्यक स्रोत साधन परिचालन, अन्तर मन्त्रालय र तीन तहका सरकारबीचको प्रभावकारी समन्वय लगायतका महत्वपूर्ण विषयमा बृहत छलफल भयो।

राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ औं बैठकलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्ष केपी शर्मा ओलीज्यूले संवैधानिक मार्गदर्शनबमोजिम आवश्यक कानूनी प्रबन्धका लागि प्रचलित कानून संशोधन तथा आवश्यकताअनुसार नयाँ कानून निर्माण गर्न तदारुकताका साथ पहल गर्नुपर्ने, शासकीय सुधार गरी सार्वजनिक सेवालाई थप चुस्त, कम खर्चिलो र नागरिकमैत्री बनाउनुपर्ने, जनगुनासोको

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्या:- ०८१।८२
चलानी संख्या:- २४८

सिंहदरबार, काठमाडौं

उचित सम्बोधन तथा वनसम्बद्ध कानूनहरू विकासमैत्री हुनेगरी समयानुकूल परिमार्जन, निजी क्षेत्रको संरक्षण एवम् सबलीकरण गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न थप पहल, औधोगिक विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै, सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर र नतिजामा सुधार गर्नुपर्ने जस्ता आवश्यकता औंल्याउँदै विकासका विद्यमान समस्या समाधानमा सबैले आ-आफ्नो क्षेत्रमा प्रभावकारी भूमिका निर्वाहा गर्न निर्देशन दिनुभयो।

बैठकमा सहभागी माननीय उप-प्रधानमन्त्रीज्यूहरु, मन्त्रीज्यूहरु, प्रदेश सरकारका मुख्य मन्त्रीज्यूहरु, महालेखापरीक्षकज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, नेपाल राष्ट्र बैंकका गभर्नरज्यू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्यज्यूलगायतले आ-आफ्नो धारणा राख्नु भएको थियो। छलफल पश्चात समितिका अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले सबैको सुझावहरू समेटी निर्णयलाई अन्तिम रुप दिई प्रभावकारी कार्यान्वयनमा लैजाने जानकारी गराउँदै बैठक समापन गर्नुभएको थियो।

३० कार्तिक २०८१

डा. दिबाकर लुइटेल
सहायक प्रवक्ता
एवं कार्यक्रम निर्देशक